आज मिति २०८० साल मंसिर १७ गते आइतबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री अभिषेक घिमिरे | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

लेखा सहायक श्री गोपाल भट्टराई

प्रा.स. श्री अर्जुन श्रेष्ठ

का.स. श्री धन बहादुर बुढाथोकी

**<u>प्रस्तावहरु:</u>**

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।

२. पान नम्बरको व्यवस्था सम्बन्धमा।

३. अपाङ्गता भएका व्यक्तीको परिचय-पत्र वितरण कार्यविधि, २०७५ संशोधन गर्ने सम्बन्धमा।

४. अपाङ्गता भएका व्यक्तीको परिचय-पत्र वितरण कार्यको लागि स्थानीय समन्वय समिति अन्तर्गत २ जना कार्यपालिका सदस्य मनोनित गर्ने सम्बन्धमा।

५. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८० स्वीकृत गर्ने सम्बन्धमा।

६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारका बारेमा तत्काल सुनुवाई गर्न सुनुवाई समिति अन्तर्गत २ जना कार्यपालिका सदस्य मनोनित गर्ने सम्बन्धमा।

७. आयोजना फरफारक सम्बन्धमा।

८. वडा कार्यालयबाट नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धमा।

९. वडा नं.-३ को निर्माणाधिन वडा भवन छेउमा मेसिनरी वाल निर्माण सम्बन्धमा ।

१०. गाउँपालिकाको अंग्रेजी नामको Spelling परिवर्तन सम्बन्धमा।

११. समपुरक अनुदानको रकम फिर्ता सम्बन्धमा।

१२. पाथीभरा याङवरक गाउँपालिका वडा नं.-१, नाङखोल्याङ निवासी भिम बहादुर राईलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं.१

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री अभिषेक घिमिरेबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा बहुवर्षीय दिर्घकालिन महत्व बोकेका योजनाको कार्यान्वयन अनिवार्य पान नम्बर लागु गर्ने तर उपभोक्ताले सञ्चालन गर्ने अन्य आयोजनाको हकमा हाललाई पान नम्बर लागु नगरी भुक्तानीको व्यवस्था गर्ने सर्वसहमतिले लागु गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा पाथीभरा याङवरक गाउँपालिकाको अपाङ्गता भएका व्यक्तीको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को परिच्छेद-३ को ६(१) बमोजिमको अपाङ्गता परिचय पत्र वितरण गर्ने कार्यका लागि स्थानीय समन्वय समिति तपसिल बमोजिम पुनरावलोकन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. गाउँपालिकाको उपाध्यक्ष- संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य
३. गाउँपालिकाको कार्यपालिका सदस्य मध्येबाट गाउँ कार्यपालिकाले तोकेको दुई जना महिला सदस्य- सदस्य
४. स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक- सदस्य
५. गाउँपालिकाभित्र रहेका प्रहरी चौकीका प्रमुख- सदस्य
६. सम्बन्धित शाखाका शाखा प्रमुख- सदस्य

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथी छलफल गर्दा पाथीभरा याङवरक गाउँपालिकाको अपाङ्गता भएका व्यक्तीको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को परिच्छेद-३ को ६(१) बमोजिमको अपाङ्गता परिचय पत्र वितरण गर्ने कार्यका लागि स्थानीय समन्वय समिति अन्तर्गत गाउँपालिकाको कार्यपालिका सदस्य मध्येबाट गाउँ कार्यपालिकाले तोकेको दुई जना महिला सदस्यहरुमा श्री मुना नेपाली र श्री शोनिसा साम्यु लिम्बुलाई मनोनित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथी छलफल गर्दा पाथीभरा याङवरक गाउँपालिका कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८० लाई आवश्यक संशोधन सहित स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-६**

प्रस्ताव नं.-६ माथी छलफल गर्दा पाथीभरा याङवरक गाउँपालिका कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८० को परिच्छेद-७ को दफा-३२(१) बमोजिम कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारका बारेमा तत्काल सुनुवाई गर्न गठन भएको सुनुवाई समिति अन्तर्गत कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरु मध्येबाट कम्तिमा १ जना महिला सहित २ जना सदस्य मध्ये श्री बल बहादुर साम्सोहाङ र श्री शोनिसा साम्यु लिम्बुलाई मनोनित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-७**

प्रस्ताव नं.-७ माथी छलफल गर्दा यस गाउँपालिकाबाट आ.व. ०८०/०८१ मा गाउँसभाबाट स्वीकृत तपसिल बमोजिम १७ वटा आयोजनाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-८४ को उपदफा २ (ङ) मा आयोजना फरफारकको लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री अभिषेक घिमिरेले पेश गर्नु भएको आयोजनाहरु सम्पन्न भई भुक्तानी भएकोमा सोको फरफारकका लागि अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र.स. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | मकैजोन भवन निर्माण (साझेदारी) | ३०७०००।- | |
| २ | कम्प्युटर नभएका विद्यालयहरुलाई ल्यापटप र प्रिन्टर कार्यक्रम | ५०००००।- | |
| ३ | चेक प्रिन्टर खरिद | २०००००।- | |
| ४ | ब्याको हो लोडर खरिद | ५६०००००।- | |
| ५ | नुम्लुक मोटरबाटो निर्माण, तिरिङ्गे | ५०००००।- | |
| ६ | सिद्धकुमारी मोटर बाटो तथा खेलमैदान निर्माण, तिरिङ्गे | ४०००००।- | |
| ७ | ओदिल्ले मोटरबाटो निर्माण, तिरिङ्गे | ५०००००।- | |
| ८ | २ र ५ जोड्ने फावाखोला पक्की पुल स्थित सडक निर्माण, थेचम्बु | १००००००।- | |
| ९ | २ र ५ जोड्ने फावाखोला पक्की पुल स्थित सडक निर्माण, चाक्सिबोटे | १००००००।- | |
| १० | खानी देखि नगरपालिका ११ फावाखोला जोड्ने मोटरबाटो, तिरिङ्गे (ठेक्का) | १९७०००००।- | |
| ११ | पाथीभरा ब्याडमिन्टन हल तथा शौचालय निर्माण | २००००००।- | |
| १२ | परम्परागत आरन भट्टी व्यवस्थापन | ५००००।- | |
| १३ | वडा कार्यालय घेराबारा तथा ठेस गारो निर्माण | २००००००।- | |
| १४ | वडा कार्यालय भवन प्राप्ति गर्दाको अपुग रकम भुक्तानी | १४०००००।- | |
| १५ | खानी बालविकास खेल मैदान निर्माण | ३५००००।- | |
| १६ | विद्यार्थीहरुलाई ट्र्याकसुट खरिद तथा वितरण | ३५००००।- | |
| १७ | स्वास्थ्य चौकी प्रशुति सेवा व्यवस्थापन | १०००००।- | |

**निर्णय नं.-८**

प्रस्ताव नं.-८ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको भत्ताको रकम सम्बन्धित वडा कार्यालयबाटै वितरणको व्यवस्था मिलाउन बैंकलाई पत्राचार गर्ने साथै सो कार्यको लागि आवश्यक सवारीसाधन, सुरक्षाकर्मी एवम् अन्य सुविधाहरु गाउँपालिकाबाट उपलब्ध गराउने र सामाजिक सुरक्षाभत्ता वितरण गरेको दिन तपसिल बमोजिमको भत्ता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

<u>तपसिलः</u>

१. बैंकका शाखा प्रबन्धक- रु.१५००।-
२. बैंकका सहायक कर्मचारी- रु. १२००।-
३. सुरक्षाकर्मी- रु. १०००।-

**निर्णय नं.-९**

प्रस्ताव नं.-९ माथी छलफल गर्दा वडा नं.-३ को निर्माणाधिन वडा भवनको छेउमा मेशिनरी वाल लगाउने कार्यको लागि रु. ९९७०५१.०२।- (भ्याट सहित) को लागत अनुमान स्वीकृत गरी उक्त निर्माणाधीन वडा भवनको ठेक्काबाट बचत भएको रकमबाट खर्च हुने गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम-८५ को उपनियम १(क) बमोजिम निर्माण कार्य अगाडी बढाउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-१०**

प्रस्ताव नं.-१० माथी छलफल गर्दा यस गाउँपालिकाको अंग्रेजी नाम राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको VERS-MIS मा Pathibhara कायम गर्न सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-११**

प्रस्ताव नं.-११ माथी छलफल गर्दा आ.व. ०७९/०८० को निकासा भएको प्रदेश सरकारअन्तर्गत समपुरक अनुदान मध्ये खर्च भएर बाँकी रहेको रकम रु. ४९,३८,५७५।- चालु आ.व. को प्रदेश समानिकरण अनुदानबाट कट्टा गरिदिनको लागि सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-१२**

प्रस्ताव नं.-१२ माथी छलफल गर्दा पाथीभरा याङवरक गाउँपालिका वडा नं.-१, नाङखोल्याङ बस्ने भीम बहादुर राईको वर्ष-८ को छोरी मितिः २०८०/०६/१० गते आफ्नै ५७ वर्षिय भिनाजुबाट बलात्कृत भई मानसिक असर परेकोले उपचार गर्नको लागि कोशी प्रदेशको दिर्घकालिन पुर्नस्थापना केन्द्र, विराटनगरमा लैजानको लागि लैङ्गिक हिंसा निवारण कोषबाट रकम रु. १०,०००।-( अक्षरेपी दश हजार रुपैया मात्र।) उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

**आ.व. ०८०/८१ को सातौ बैठक**

आज मिति २०८० साल पौष ०५ गते बिहिबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिपक राई | कार्यवाहक वडाध्यक्ष | ९७४५४६९७५६ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री अभिषेक घिमिरे | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ

लेखा सहायक श्री गोपाल भट्टराई

का.स. श्री धन बहादुर बुढाथोकी

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।

२. बरालगाउँ सालडाँडा मोटरबाटो उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने सम्बन्धमा।

३. विपन्न नागरिक उपचार सहायता कोष अन्तर्गत सहायता उपलब्ध गराउने सम्बन्धमा।

४. कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा।

५. वडा नं.-५ को वडा कार्यालयको कार्यालय सहयोगी नियुक्ती गर्न सम्बन्धमा।

६. राष्ट्रपति रनिङ शील्ड खेलको लागि आवश्यक रकम व्यवस्थापन गर्न गाउँ शिक्षा समितिले माग गरेको सम्बन्धमा।

७. स्थानीय सरकार संचालन पात्रोको सम्बन्धमा।

८. खेलकुद आयोजना गर्ने क्लब र खेलमा सहभागी हुने क्लबको सम्बन्धमा।

९. एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने सम्बन्धमा।

१०. आ.व. ०७९/०८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमलाई निरन्तरता दिने सम्बन्धमा।

११. समवेदना सम्बन्धमा।

निर्णयहरु:

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ.श्री अभिषेक घिमिरेबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा आ.व. ०८०/०८१ मा गाउँसभाबाट स्वीकृत बरालगाउँ सालडाँडा मोटरबाटो आयोजनालाई उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष अन्तर्गत आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल:

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कृतिका लिम्बु | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ । | ३००००।- | |
| २ | दृष्टी रिजाल | पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ। | ३००००।- | |
| ३ | बेदमाया नेपाल | पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ। | २००००।- | |
| ४ | बल बहादुर लिम्बु | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ । | ३००००।- | |
| ५ | टेक बहादुर भट्टराई | पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ। | ३००००।- | |
| ६ | हेमन भुजुवार | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ३००००।- | |
| ७ | डम्बर बहादुर खिम्दिङ लिम्बु | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ । | २००००।- | |
| ८ | अप्सना लिम्बु | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ । | ३००००।- | |
| ९ | मोहन कुमार रिजाल | पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ। | ३००००।- | |

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस गाउँपालिकाको लागि आवश्यक तपसिल बमोजिमको कार्यविधिहरुलाई आवश्यक संशोधन सहित स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल:

१. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८०,

२. एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०८०,

३. ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

४. लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८०

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा यस गाउँपालिकाको कार्यालयको लागि १ (एक) जना र ५ नं. वडा कार्यालयको लागि १(एक) जना गरी जम्मा २ जना कार्यालय सहयोगीको १५ दिने विज्ञापन आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-६**

प्रस्ताव नं.-६ माथी छलफल गर्दा राष्ट्रपति रनिङ्ग शिल्ड, २०८० सञ्चालन गर्नको लागि संघीय सशर्तबाट रु.१,००,०००।— र अन्य खेलकुद शिर्षकबाट रु. ४,००,०००।-गरी जम्मा रु. ५,००,०००।- आयोजक विद्यालय श्री कालिका मा.वि., तिरिङ्गेलाई प्रदान गर्ने र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा सहभागी हुनको लागि रु.५,००,०००।-साथै गाउँपालिका स्तरीय रनिङ शिल्ड तयार गर्नको लागि रु. १,००,०००।- गरी जम्मा रु. ६,००,०००।- अन्य खेलकुद शिर्षकबाट व्ययभार हुने गरी सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-७**

प्रस्ताव नं.-७ माथी छलफल गर्दा स्थानीय तहको लागि तयार गरिएको स्थानीय सरकार संचालन पात्रो, २०८० को कार्यतालिकालाई कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-८**

प्रस्ताव नं.-८ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाभित्र रहेका तपसिल बमोजिमका क्लबहरुलाई खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गर्न साथै खेलमा सहभागी हुन जादाको खर्चवापतको रकम अन्य खेलकुद शिर्षकबाट उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

- मिलन चौतारी युवा क्लब, पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ- रु.१,००,०००।—
- थुम्वेदिन युनाइटेड क्लब, पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ-रु. १,००,०००।—
- पाथीभरा याङवरक गाउँपालिकाको भलिबल टिम पाँचथरको बालाचतुर्दशी मेलामा भलिबल प्रतियोगितामा सहभागी- रु.५०,०००।—

**निर्णय नं.-९**

प्रस्ताव नं.-९ माथी छलफल गर्दा यस गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न साथै अन्य कार्यक्रम सञ्चालन गर्नको लागि मितिः २०८०/०९/२३ गते देखि मितिः २०८०/०९/२९ गते सम्म एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-१०
प्रस्ताव नं.-१० माथी छलफल गर्दा आ.व. ०८०/०८१ मा संचालन हुने शसर्त अनुदान कार्यक्रम कार्यान्वयनको लागि आ.व. ०७९/०८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमलाई निरन्तरता सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-११
प्रस्ताव नं.-११ माथी छलफल गर्दा २ नं. वडाका वडा सदस्य श्री दिल बहादुर विष्टको ममतामयी माताको मितिः २०८०/०९/०४ गतेका दिन र वडा सदस्य श्री फूलमाया चापागाईको ममतामयी माताको मितिः २०८०/०९/०४ गतेका दिन देहावसन भएकोले, उहाँहरु प्रति हार्दिक समवेदना व्यक्त गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**आ.व. ०८०/८१ को आठौं बैठक**

आज मिति २०८० साल पौष २० गते शुक्रबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री मिलन कुमार लिम्बु | कार्यवाहक अध्यक्ष | ९८४७८०५७५८ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | जसोदा |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री अभिषेक घिमिरे | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ

लेखा सहायक श्री गोपाल भट्टराई

का.स. श्री कैलाश लिम्बु

प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।

२. प्रतिबद्धता जाहेर गर्ने सम्बन्धमा।

३. स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कनको नतिजा अनुमोदन गर्ने सम्बन्धमा।

४. समपुरक र विशेष अनुदानको सम्बन्धमा।

५. हिँउदे अधिवेशन सम्बन्धमा।

६. गोलिया निकासीलाई थप व्यवस्थित बनाउने सम्बन्धमा।

७. आर्थिक सहयोग गर्ने सम्बन्धमा।

८. आयोजनाको समिक्षा/फरफारक सम्बन्धमा।

९. यमासेन-तारेभिर-सुनुवार गोलाई-केराबारी (F-1) आयोजनाको अपुग रकम भुक्तानी सम्बन्धमा ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व. ०८०/०८१ को बजेट बाँडफाट गर्ने सम्बन्धमा।

११. सिवानी हाइड्रोपावर कम्पनीको केनलको कारण खाल्टे पुच्छारमा आएको पहिरोको सम्बन्धमा।

१२. प्रशासनिक भवनमा आउने बाटोको लागि थप जग्गा प्राप्त गरेको सम्बन्धमा।

१३. आगामी आ.व. ०८१/०८२ को आय व्ययको प्रक्षेपण तयार गर्ने सम्बन्धमा।

१४. DPR भएको खिबुना मोटरेबल पुल सम्बन्धमा।

१५. सडकबोर्डको आयोजना छनौट गर्ने सम्बन्धमा।

१६. प्रकोप व्यवस्थापन कोषबाट वडा नं.-३ को २ घर निर्माणको लागि रकम उपलब्ध गराउने सम्बन्धमा।

१७. ब्याक हो लोडरलाई मर्मतको लागि वडा नं.-३ को सडकहरु मर्मत गर्न पठाउने सम्बन्धमा।

१८. अमिनको दररेट सम्बन्धमा।

१९. कम्प्युटर इन्स्टिच्युट रजिष्ट्रेशन सम्बन्धमा।

२०. भलिबल खेलाडीलाई रकम भुक्तानी गर्ने सम्बन्धमा।

२१. मृगौला प्रत्यारोपण, डायलाइसिस गराइरहेका, क्यान्सर पिडित र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च वापतको रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्रोत भर्ना माग्ने सम्बन्धमा।

२२. एम.वि.वि.एस. डाक्टर अध्ययन विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा।

२३. करार सेवामा कार्यरत कर्मचारीको करारम्याद थप सम्बन्धमा।

२४. कर्मचारीको अवकास कोषको व्यवस्था सम्बन्धमा।

२५. अनुदानबाट खरिद गरिएको वयर बोका बेचबिखन गर्ने सम्बन्धमा।

२६. प्रहरी चौकी थुम्वेदिनको ठेस गारो लगाउन रकम अपुग सम्बन्धमा।

२७. केराबारी-डाँडागाउँ-पूर्णेडाँडा खानेपानी आयोजनाको लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गर्ने सम्बन्धमा।

२८. यमासेन-तारेभिर-सुनुवार गोलाई-केराबारी (F-1) आयोजनाकोको अन्तिम भुक्तानी गर्ने सम्बन्धमा।

२९. भेरिएसन गर्ने समिति गठन गर्ने सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं.१

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ.श्री अभिषेक घिमिरेबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम कार्यक्रममा सहभागी हुन कुल लागतको १५% लागत साझेदारी बेहोर्ने निर्णय गरियो साथै उक्त कार्यविधिको पूर्ण पालना गर्ने प्रतिबद्धता व्यक्त गरी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने सर्वहसमतिले निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को लागि निर्धारित ढाँचामा भरिएको तथ्याङ्क बमोजिम यस गाउँपालिकाले प्राप्त गरेको ७१% (एकहत्तर प्रतिशत) प्राप्ताङ्क सहितको नतिजा पारित गरी अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथी छलफल गर्दा प्रदेश र स्थानीय तहमा आ.व. ०८१/०८२ का लागि संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमको लागि मितिः २०८०/०८/३० गते प्रकाशित सूचना बमोजिम समपूरक अनुदान सम्बन्धी कार्यविधि, (तेस्रो संशोधन), २०७७ र विशेष अनुदान सम्बन्धी कार्यविधि (तेस्रो संशोधन), २०७७ मा व्यवस्था भए बमोजिम मितिः २०८० माघ मसान्तभित्र आयोजना/कार्यक्रमको विधुतीय (अनलाइन) प्रणाली मार्फत आव्हान गरिएको हुँदा तपसिल आयोजना/कार्यक्रम छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. **समपुरक अनुदान तर्फः**
   - काबेली-पूर्णेडाँडा-पालिका भवनसम्मको सडक कालोपत्रे, पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ ।

२. **विशेष अनुदान तर्फः**
   - केराबारी- डाँडागाउँ-पूर्णेडाँडा खानेपानी योजना, पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ ।

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथी छलफल गर्दा गाउँसभा र नगरसभा संचालन कार्यविधि ऐन, २०७५ को दफा-३ को उपदफा (१) बमोजिम यस गाउँपालिकाको पन्ध्रौं गाउँसभा (हिँउदे अधिवेशन) मितिः २०८०/१०/०६ गते शनिबार सञ्चालन गर्ने र सोहि बमोजिम सबैलाई पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाभित्र रहेका सडकहरु गोलिया कटान तथा निकासीले गर्दा बिग्रिने, भत्किने गरेर ठुला तथा साना सवारी सञ्चालनमा कठिनाई भई अत्याधिक जनगुनासो आएकोले गोलिया निकासी तत्काल रोक्नलाई ७ (सात) दिने सूचना आव्हान गर्ने साथै गोलिया ठेकेदारहरुलाई मितिः २०८०/०९/२२ गते छलफलको लागि यस कार्यालयमा बोलाउने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं.-७ माथी छलफल गर्दा यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष अन्तर्गत आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तेज बहादुर राई | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ । | ३०००० ।- | |

| | | | | |
|---|---|---|---|---|
| २ | धन माया अधिकारी | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ । | १००००।- | |
| ३ | खगीमाया कार्की | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | १०००००।- | |
| ४ | सन्तोष ईजम लिम्बु | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | ३००००।- | |
| ५ | फुलमाया लिम्बु | पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | ३००००।- | |

निर्णय नं.-८

प्रस्ताव नं.-८ माथी छलफल गर्दा यस गाउँपालिकाबाट आ.व. ०८०/०८१ मा गाउँसभाबाट स्वीकृत तपसिल बमोजिम ८ वटा आयोजनाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-८४ को उपदफा २ (ङ) मा आयोजना फरफारकको लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री अभिषेक घिमिरेले पेश गर्नु भएको आयोजनाहरु सम्पन्न भई भुक्तानी भएकोमा सोको फरफारकका लागि अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | बाली संरक्षण कार्यक्रम | ५०००००।- | |
| २ | कफि नर्सरी, डुम्रिसे | ३०००००।- | |
| ३ | बोहोरादिनमा सामुदायिक भवन निर्माण, नाङखोल्याङ क्रमागत | ५०००००।- | |
| ४ | पूर्णेडाँडा स्थित चुम्मालुङमा ठेस गारो निर्माण | ७०००००।- | |
| ५ | पशु तथा कृषि व्यवस्थापन | ५००००।- | |
| ६ | धापपोखरी धर्तीफाटा पर्यटकीय क्षेत्र शौचालय निर्माण | ३५००००।- | |
| ७ | स्वास्थ्य चौकी व्यवस्थापन | ५००००।- | |
| ८ | लम्पिस्किन रोग नियन्त्रण | ५००००।- | |

निर्णय नं.-०९

प्रस्ताव नं.-०९ माथी छलफल गर्दा यस गाउँपालिकाले ठेक्का आव्हान गरी सञ्चालन भएको योजना **यमासेन-तारेभिर-सुनुवार गोलाई-केराबारी** (F-1) ठेक्कामा उल्लेख गरिएको कामको परिमाणले बाटो निर्माण गर्ने क्रममा बाटो सम्पन्न हुन नसकेकोले प्राविधिकको राय अनुसार थप काम गर्नुपर्ने भएकोले भेरिएसन गर्नुपर्ने भएको हुँदा के-कति कामको परिमाण थप गर्नुपर्ने हो यकिन गर्न गाउँपालिका उपाध्यक्ष रनमाया गुरुङको संयोजकत्वमा प्राविधिक शाखा प्रमुख र योजना शाखा प्रमुख रहेको तीन सदस्यीय समिति गठन गरिएको समितिको परामर्श अनुसार प्राविधिकको स्टिमेट बमोजिमको लागत ७,५९,०००।— (अक्षरेपी सात लाख उन्साठ्ठी हजार मात्र।) भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-१०

प्रस्ताव नं.-१० माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व. ०८०/०८१ को लागि श्रम मन्त्रालयबाट कामको लागि पारिश्रमिक र युवा रुपान्तरण पहल आयोजना सञ्चालन गर्न विनियोजित बजेट रु. १,१८,९१,२००।- मार्फत ७९ जना सूचीकृत बेरोजगार श्रमिकहरुलाई १०० दिन बराबर रोजगारी प्रदान गर्नु भन्ने मन्त्रालयको निर्देशानुसार यस स्थानीय तहका ६ वटै वडा कार्यालयहरुमा देहाय बमोजिमको बजेट र श्रमिक संङ्या विभाजन गरी वार्षिक बजेट किताबमा छनौट गरिएका आयोजनाहरु मात्र सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहायः

| क्र.स. | वडा नं. | बजेट | श्रमिक संङ्या | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं.-१, नाङखोल्याङ | ११३५६०० | १७ | |
| २ | वडा नं.-२, थेचम्बु | १०६८८०० | १६ | |
| ३ | वडा नं.-३, तिरिङ्गे | १०६८८०० | १६ | |
| ४ | वडा नं.-४, डुम्रिसे | ७३४८०० | ११ | |
| ५ | वडा नं.-५, चाक्सिबोटे | ५३४४०० | ८ | |
| ६ | वडा नं.-६, थुम्वेदिन | ७३४८०० | ११ | |
| | जम्मा | ५२७७२०० | ७९ | |

निर्णय नं.-११

प्रस्ताव नं.-११ माथी छलफल गर्दा सिवानी हाइड्रो पावर कम्पनीले सञ्चालन गरेको आयोजनाको केनलबाट बाहिरिएको पानीको कारण यस गाउँपालिकाको वडा नं.-२ साविक थेचम्बु गा.वि.स. वडा नं.-६ को खाल्टेको खेसाङ्गे घोरल पानी खोल्सामा अत्यन्तै ठूलो पहिरो गएकोले कालान्तरमा खाल्टे बस्ती नै जोखिममा पर्ने देखिएकोले उक्त पहिरो नियन्त्रण गरी केनलबाट बग्ने पानीको व्यवस्थापन गर्न सो कम्पनीलाई पटक-पटक खबर गर्दा हालसम्म वेवास्ता गरेको हुनाले पुनः एक पटकको लागि पत्राचार गर्ने साथै वेवास्ता गरेमा कानूनी प्रकृयाको लागि अघि बढ्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-१२

प्रस्ताव नं.-१२ माथी छलफल गर्दा गाउँपालिकाको प्रशासनिक भवनतर्फ आउने मोटरबाटोको चौडा २० मिटर मात्र भएकोमा बाटोलाई थप चौडा बनाउन आवश्यक देखिइकोले विगतमा उक्त बाटोसँग जोडिएको जग्गा ०-४-०-० क्षेत्रफल बराबरको जग्गा कटान गरी बाटो चौडा गरिएकोमा जग्गा धनीलाई मुआब्जा दिनुपर्ने भएकोले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम अधिग्रहण प्रकृया अगाडी बढाउने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-१३

प्रस्ताव नं.-१३ माथी छलफल गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा-१८ को उपदफा (१) अनुसार प्रदेश तथा स्थानीय तहले चालु आ.व.को पौष मसान्त भित्रमा आगामी आ.व.को लागि तपसिल बमोजिमको विवरण अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्ने भएकोले स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक तत्काल बसी उल्लेखित विवरणहरु तयारी गरी पेश गर्ने सर्वसहमतिले निर्णय गरियो।

<u>तपसिलः</u>

- व्ययको अनुमान,
- आफ्नो स्रोतबाट संकलन हुन सक्ने अनुमानित राजश्व,
- राजश्व बाँडफाँडबाट प्राप्त हुन सक्ने अनुमानित रकम,
- अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम,
- बजेट घाटा पुर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको स्रोत

निर्णय नं.-१४

प्रस्ताव नं.-१४ माथी छलफल गर्दा काबेली हाइड्रोपावर कम्पनी लिमिटेडले आयोजना सञ्चालन गर्ने क्रममा गत आ.व.मा यस गाउँपालिकाले थेचम्बुको खिबुना र हिलिहाङ गाउँपालिका वडा नं.-१ को मालबाँसे खण्ड जोड्ने मोटरेबल पुलको डि.पि.आर. गरी सकेकोमा उक्त क्षेत्रमा केनल/सुरुङ निर्माण गर्दा पुलको जग बनाउदा केनललाई असर पर्ने देखिएकोले उक्त हाइड्रपावर कम्पनीसँग आवश्यक परामर्श तथा समन्वय गर्न वडा नं.-२ का वडाध्यक्षलाई जिम्मेवारी प्रदान गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं.-१५

प्रस्ताव नं.-१५ माथी छलफल गर्दा चालु आ.व. ०८०/०८१ मा सडक बोर्ड नेपालबाट प्राप्त रु. २१,००,०००।- (अक्षरेपी एक्काइस लाख मात्र।) बाट ६ नं. वडास्थित हेलुम्बा-चाक्सिबोटेको थुम्वेदिन खण्डको मोटरबाटो मर्मत तथा स्तरोन्नती गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं.-१६

प्रस्ताव नं.-१६ माथी छलफल गर्दा मितिः २०८०/०३/०२ गते परेको अविरल वर्षाको कारण पहिरोको जोखिममा परेका ३ नं. वडामा तपसिल बमोजिम ३ घरपरिवारको घर पालिकाको मापदण्ड अनुसार प्रकोप व्यवस्थापन कोषबाट अधिकतम ३ लाख व्ययभार हुने गरी निर्माण गरिदिने सर्वसहमतिले निर्णय गरियो ।

<u>तपसिलः</u>

१. टेक राज लिम्बु
२. अटल कुमार लिम्बु
३. दिल कुमार लिम्बु

**निर्णय नं.-१७**

प्रस्ताव नं.-१७ माथी छलफल गर्दा ३ नं. वडा, तिरिङ्गेको सडकहरु मर्मत गर्नको लागि ब्याक हो लोडरलाई पठाउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-१८**

प्रस्ताव नं.-१८ माथी छलफल गर्दा यस गाउँपालिकामा कार्यरत अमीनलाई गाउँपालिकाले तोकेको क्षेत्रभन्दा बाहेक कार्य गर्दा तपसिल बमोजिम दस्तुर लिने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | घरनक्सा पास (मुचुल्का) प्रयोजनको लागि गाउँपालिका अमीन खटाउँदा | १००० | |
| २ | घरबाटो तथा चारकिल्ला सिफारिस प्रयोजनको लागि | १२०० | |
| ३ | जग्गा नापी दस्तुर (अमिन) ५ रोपनीसम्म | १३०० | |
| ४ | जग्गा नापी दस्तुर (अमिन) ५ रोपनी देखि माथी | १८०० | |

**निर्णय नं.-१९**

प्रस्ताव नं.-१९ माथी छलफल गर्दा गाउँपालिकाबाट स्वीकृत आर्थिक ऐन, २०८० मा कम्प्युटर इन्स्टिच्युट दर्ता तथा नविकरण सम्बन्धी कुनै व्यवस्था नभएको र सोहि ऐनको अनुसूची-९ को दफा-२६ बमोजिम कम्प्युटर इन्स्टिच्युट दर्ताको लागि रु. २०००।— र नविकरणको लागि १०००।— तोक्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२०**

प्रस्ताव नं.-२० माथी छलफल गर्दा यस गाउँपालिकामा युवा खेलाडीहरुको भलिबल प्रतिको मोह बढीरहेको साथै भलिबल खेलाडीहरुमा व्यवसायिकताको मानसिकता विकास भईरहेको पाइएकोले गाउँपालिकाभन्दा बाहिरको म्याचमा प्रथम या द्वितीय उपाधी हासिल गरी ट्रफी पालिकामा बुझाएमा गत विगत समयदेखि नै रु.५०,०००।— प्रोत्साहनस्वरुप उपलब्ध गरिएकोमा यस पटक पाँचथर जिल्लाको विभिन्न ३ स्थानमा आयोजना भएको वडा स्तरीय भलिबल प्रतियोगितामा यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-६ बाट भलिबल खेलाडीहरु सहभागी भई प्रथम स्थान हासिल गरी ट्रफी पालिकामा प्राप्त भएकोले उक्त टिमलाई यो बैठक बधाई तथा शुभकामना दिदैं सहभागी हुँदाको बखत लागेको खानाबास खर्च वापतको रकम रु. १,५०,०००।—(अक्षरेपी एक लाख पचास हजार मात्र।) अन्य खेलकुद शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२१**

प्रस्ताव नं.-२० माथी छलफल गर्दा यस गाउँपालिका भित्र रहेका मृगौला प्रत्यारोपण, डायलाइसिस गराइरहेका, क्यान्सर पिडित र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च वापत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्रोत भर्ना माग्ने गरी आकस्मिक कोषबाट रकम भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२२**

प्रस्ताव नं.-२२ माथी छलफल गर्दा आ.व. ०८०/०८१ मा गाउँसभामा यस गाउँपालिकाका छात्र/छात्रले पूर्ण वा आंशिक छात्रावृत्तिमा एम.बि.बि.एस. अध्ययन गर्ने अवसर प्राप्त गरेको अवस्थामा रकम रु. १,००,०००।— (एक लाख मात्र।) सम्म छात्रवृत्ति उपलब्ध गराउने निर्णय अनुसार मितिः २०८०/०९/०१ गते यस गाउँपालिकाबाट प्रकाशन गरेको सूचना अनुसार बि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा द्वितीय सेमेष्टरमा अध्ययनरत छात्रा पाथीभरा याङवरक गाउँपालिका वडा नं.-३, तिरिङ्गेबस्ने टेक बहादुर बस्नेतको छोरी बिपिना बस्नेतको एक मात्र निवेदन पर्न आएकोले निजलाई रु १ लाख छात्रावृत्ति प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२३**

प्रस्ताव नं.-२३ माथी छलफल गर्दा यस गाउँपालिकामा करारसेवामा कार्यरत कर्मचारीहरुको करार म्याद पौष मसान्तमा समाप्त हुने हुँदा, करारसेवा समाप्त भएका सम्पुर्ण कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेकोले मितिः २०८१ साल असार मसान्त सम्मको लागि करार म्याद थप गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२४**

प्रस्ताव नं.-२४ माथी छलफल गर्दा स्थानीय तहका कर्मचारीको अवकास कोषको व्यवस्था गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः को पत्रको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत श्री अभिषेक घिमिरेले बैठकलाई जानकारी गराउनु भयो। पत्रमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-९१ मा भएका प्रावधानहरु सबै उल्लेख भएकोमा संघीय सरकार र प्रदेश सरकारले स्थानीय सेवा ऐन जारी नगरेको अवस्थामा स्थानीय कानून निर्माण गरी अवकास कोषको व्यवस्था गर्दा पछिबाट कानून बाझिन सक्ने अवस्था भएकोले थप प्रष्टताको लागि सरोकारवाला मन्त्रालयसँग समन्वय गरेर मात्र यस सम्बन्धमा निर्णय गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२५**

प्रस्ताव नं.-२५ माथी छलफल गर्दा गत आ.व.मा यस गाउँपालिकाबाट किसानलाई ५० प्रतिशन अनुदानमा बयर बोका खरिद गर्न दिइएकोमा वडा नं.-६ थुम्वेदिन बस्ने कमल नेपालकोमा भएको बोकाको सिंग बढ्ने क्रममा टाउकोको पछिल्लो भागमा घाउ भई समस्या भएको पशु प्राविधिकको प्रतिवेदन अनुसार उक्त बोका मासुको मूल्यमा बिक्री गर्न उपयुक्त हुने भन्ने भएकोले बोका बिक्री गरी अन्य जातको बोका खरिद गर्न लगाउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२६**

प्रस्ताव नं.-२६ माथी छलफल गर्दा प्रहरी चौकी थुम्वेदिनको पूर्वपट्टि मोटरबाटोको भित्तामा ठेस गारो लगाउनको लागि गाउँसभाको १४ औं अधिवेशनमा रु. ७ लाख बजेट रकमको विनियोजन गरिएकोमा उक्त रकमले अपुग हुने प्राविधिकको प्रतिवेदन आएकोमा आगामी हिउँदे अधिवेशनबाट बजेटको व्यवस्था गर्न सकिएमा मात्र उक्त आयोजना सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२७**

प्रस्ताव नं.-२७ माथी छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत केराबारी-डाँडागाउँ-पूर्णेडाँडा खानेपानी योजनाको रु.१३९४५२७१.०१ (एक करोड उन्चालिस लाख पैतालिस हजार दुई सय एकहत्तर रुपैया एक पैसा मात्र।) को लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-२८**

प्रस्ताव नं.-२८ माथी छलफल गर्दा प्रदेश सरकारको समपुरक अनुदानअन्तर्गतको आयोजना यमासेन-तारेभिर-सुनुवार गोलाई-केराबारी (F-1) को यस कार्यालयले ठेक्का आव्हान गरी श्री अमर निर्माण सेवाले ठेक्का पारेकोमा, उक्त निर्माण सेवाले प्राविधिकको अन्तिम प्रतिवेदन बमोजिम आयोजना सम्पन्न गरेको हुनाले, सो निर्माण सेवालाई अन्तिम भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२९**

प्रस्ताव नं.-२९ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाले आगामी दिनहरुमा ठेक्का आव्हान गर्दा कुनै पनि आयोजनाहरुको भेरिएसन गर्न परेमा गाउँपालिका उपाध्यक्ष श्री रनमाया गुरुङको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गर्ने साथै उक्त समितिले आगामी दिनहरुमा भेरिएसन गर्न पर्ने सम्पुर्ण आयोजनाहरुको प्राविधिक राय सहितको निर्णय पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

<u>तपसिलः</u>

१. उपाध्यक्ष श्री रनमाया गुरुङ- संयोजक
२. इन्जिनियर श्री सुदिप कुमार यादव- सदस्य
३. सहायक पाँचौ श्री रामकला कार्की, सदस्य-सचिव

प्रमाणित